# *विभाजित समय* उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण

मदनराज बराल
अध्यापक, नेपाली विभाग, कोसी सेन्ट जेम्स कलेज, इटहरी
इमेल : *baralmadanraj@gmail.com*

**लेखसार**

प्रस्तुत लेख कृष्णविनोद लम्सालद्वारा लिखित *विभाजित समय* उपन्यासमा रहेका पात्रहरूको शैलीवैज्ञानिक आधारमा गरिएको चरित्रचित्रणमा केन्द्रित छ । शैलीवैज्ञानिक अध्ययनले कृतिमा निहित घटना तथा पात्रहरूको मानसिकता र व्यवहारको सूक्ष्म अध्ययन गर्दछ । विवेच्य उपन्यासमा रहेका प्रमुख पात्रहरूको शैलीवैज्ञानिक आधारमा विश्लेषण गर्नु यस आलेखको मुख्य उद्देश्य रहेको हुनाले विषयलाई त्यहीँ केन्द्रित गरिएको छ । यस लेखको प्राथमिक सामग्रीका रूपमा उपन्यासलाई लिइएको छ र विषयको सैद्धान्तिक आधार निर्माणका लागि पुस्तकालयबाट द्वितीयक प्रकारका सामग्री लिइएको छ । पात्रहरूको शैलीवैज्ञानिक रूपबाट विश्लेषण गर्दा पात्र वर्गीकरणका सामान्यीकृत सिद्धान्तमा आधारित भएर गरिएको छ । विवेच्य उपन्यासका पात्रहरूलाई पात्र वर्गीकरणका मूलभूत मान्यताका आधारमा शैलीवैज्ञानिक रूपबाट चरित्रचित्रण गर्नु यस अध्ययनको उद्देश्य रहेकाले लेखका रूपमा प्रस्तुतीकरण गर्दा वर्णनात्मक विधि प्रयुक्त छ । पुलिङ्ग र स्त्रीलिङ्ग, प्रमुख, सहायक र गौण, अनुकूल र प्रतिकूल, गतिशील र गतिहीन , वर्गगत र व्यक्तिगत, नेपथ्य र मञ्चीय साथै बद्ध र मुक्त भन्ने आधारमा पात्रहरूको वर्गीकरणसहितको विश्लेषण गरी चरित्रचित्रणलाई तार्किक पुष्टि गरिएको छ । उपन्यासले अघि सारेको केन्द्रीय भाव प्रस्तुत गर्न यहाँका पात्रहरूको भूमिका उपयुक्त छ । यो बहुपात्रीय उपन्यास हो । यहाँ सबभन्दा बढी गौण, त्यसपछि क्रमश: सहायक र प्रमुख पात्र छन् । यस उपन्यासमा मञ्चीय, स्थिर, बद्ध, वर्गीय, अनुकूल र सहायक पात्रको बहुलता छ । यहाँ विश्लेषण गरिएका पात्रहरूमध्ये गौण र मुक्त पात्रको सङ्ख्या कम छ । निष्कर्षत: पात्र प्रयोगका दृष्टिले उपन्यास अब्बल ठहरिएको छ ।

*शब्दकुन्जी:* चरित्रचित्रण, पात्र, पात्रबहुल, शैलीवैज्ञानिक

## परिचय

व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये कृष्णविनोद लम्सालको उपन्यासकार व्यक्तित्व विशेष महत्त्वपूर्ण देखिन्छ । वि.सं. २०६३ सालमा पहिलोपल्ट अवशिष्ट यात्रा शीर्षकको उपन्यास प्रकाशन गरेका लम्सालले वि.सं. २०६८ मा आएर *विभाजित समय* प्रकाशन गरेका छन्, त्यस्तै २०७६ मा आएर सप्तकोसी किनारमा अनुसन्धानात्मक आख्यान प्रकाशन गरेका छन् । प्रकाशित अघिल्ला दुईओटा उपन्यासका आधारमा हेर्दा पूर्वी पहाड तथा तराईको स्थानीय रङ समेट्दै सामाजिक यथार्थको झलक प्रस्तुत गर्नु साथै तेस्रो उपन्यासका आधारमा हेर्दा सप्तकोसी नदीले वेष्टित भूगोलका केही धार्मिक स्थलको खोज अनुसन्धान गर्दै तथ्य र मिथकको वर्णन गर्नु उनको मुख्य औपन्यासिक प्रवृत्ति देखिन्छ । पूर्वी पहाडको दोभाने, खमारटारमा स्त्रीबात लागेर सामाजिक बेइज्जती भएपछि दुईओटी छोरीहरूलाई उनीहरूकै मावलमा छोडी काखको छोरो र श्रीमती सत्यमतीलाई लिएर होमनाथ शर्मा सिक्तेल बसाइँ हिँड्छन् । पूर्वी तराईको धनपुरी भन्ने ठाउँमा आइपुगेर उनीहरू एकरात कटेरामा बस्छन् । भोलिपल्ट बिहान सोही ठाउँमा धनबहादुर क्याप्छाकी र जिम्दार धनपाल चौधरीलाई भेटेर घर घडेरीका बारेमा सोधखोज गर्छन् । उक्त ठाउँमा बसोबास गर्ने इच्छा जाहेर गर्छन् । यही घटनासँगै *विभाजित समय* उपन्यासको कथानक प्रारम्भ भएको छ ।

विभिन्न पात्र र तिनको सेवाभावलाई मुख्य स्थान दिइएको यस उपन्यासमा शान्तिसुरक्षा, प्रजातान्त्रिक अभ्यास तथा सकारात्मक सोचप्रतिको अपेक्षा पनि प्रस्तुत गरिएको छ। धनपुरी गाउँमा, पहाड मधेस दुवैतिरका विभिन्न जातजाति, भाषाभाषी, वर्ग तथा पेसा व्यवसायका मानिसहरू आपसमा मिलेर बसेका छन् । महिलाहरू निर्वाध रूपमा आफ्ना हकअधिकार र समाज विकासका बारेमा छलफल गर्छन् । यस्तै सकारात्मक र मिश्रित समाजको परिकल्पनासँग सम्बन्धित घटनाहरूलाई लिएर प्रस्तुत उपन्यासको कथानक अगाडि बढेको छ । पहाड-मधेस दुवैतिर हुने राम्रानराम्रा घटनाहरू यस उपन्यासका कथानकसँग समेटिएका छन् तर विशेष महत्त्व भने समाजसेवी व्यक्तित्वका राम्रा कार्यकलापहरूलाई दिइएको छ । धनपुरीले पूर्ण बजारको आकार ग्रहण गर्दै र मान्छे बढ्दै गएपछि त्यहाँ सानातिना चोरी तथा अन्य विभिन्न असामाजिक गतिविधिहरू पनि हुन थाल्छन् । उपन्यासमा कम महत्त्वपूर्ण जस्ता लाग्ने घटना र पात्रहरूलाई पनि विशेष महत्त्वका साथ प्रस्तुत गर्नु यसको कथानकको विशेषता देखिन्छ । मूल कथानक सत्यमती र होमनाथको जीवनसँग बढी सम्बन्धित देखिए पनि उत्तिकै सशक्त रूपमा अन्य घटनाहरू पनि यहाँ समेटिएका छन् । पञ्चायती व्यवस्था जनपक्षीय नभएकाले आन्दोलन गरी २०४६ सालमा बहुदलीय व्यवस्था ल्याए पनि त्यसपछि राजनीतिमा झन् नातावाद, कृपावाद, जातीयता, क्षेत्रीयता, अपवित्र राजनीतिक गठबन्धन, लुटपाट, हत्या, अपहरण, फिरौती, रकम असुल्ने प्रवृत्ति, नेता खरिदबिक्री, गुट-उपगुटको निर्माणजस्ता विकृतिहरू बढेर गएको सन्दर्भ प्रस्तुत गर्दै सबै मिलेर बसेको सिङ्गो देशमै समय विभाजित हुन खोजेको हुँदा त्यसो हुन नदिने सन्देश प्रवाह गर्दै धनुषधारी याख्खाले एकताको सन्देश छर्ने भाषण गरेको सन्दर्भ जोड्दै कथानकको समापन गरिएको छ ।

यो लेख तयार पार्ने क्रममा विभिन्न कालखण्डका नेपाली उपन्यासका शैलीविज्ञानका सम्बन्धमा भएका अध्ययनहरू हेर्दा-सबिन घिमिरे (२०७६)ले *अप्रिलफुल* उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेका छन् । उपन्यासको भाषिक पक्ष, कथानक र पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्नु मूल उद्देश्य रहेको यो अध्ययन विस्तृत प्रकृतिको भएकाले यसमा पात्रहरूको मात्र अध्ययन छैन। यसैगरी सन्ध्या उपाध्याय (२०७०)ले *सखी* उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा शोध गरेकी छन् । चयन, विचलन, समानान्तरता र चरित्रका आधारमा उक्त उपन्यासको अध्ययन गर्ने उद्देश्य रहेको देखिने यो पनि पात्रहरूमा मात्र केन्द्रित नभई व्यापक रूपको अध्ययनका रूपमा देखा पर्दछ । डिल्लीराम ढकाल (२०६८)ले *चम्पा* उपन्यासमाथि, तीर्थराज भट्टराई (२०६७)ले *प्रेतकल्प* र राजेन्द्र खनाल (२०६३)ले *मुग्लान* उपन्यासमाथि शैलीवैज्ञानिक अध्ययन गरेको पाइयो। चयन, विचलन, समानान्तरता र चरित्रका आधारमा उक्त उपन्यासको अध्ययन गर्ने नै उद्देश्य रहेको देखिने यी सबै अध्ययनले पनि आफ्नो अध्ययनलाई पात्रको चरित्रचित्रणमा मात्र सीमित नराखी समग्रमा शैलीविज्ञानमा केन्द्रित गरेको भेटियो । कुनै पनि अध्ययन शैलीवैज्ञानिक आधारमा पात्रहरूको चरित्रचित्रणमा मात्र केन्द्रित नरहेको पाइयो । *नरेन्द्र दाइ, भोक र भित्ताहरू,* मुलुकबाहिरलगायतका उपन्यासका पात्रहरूको चरित्रचित्रण गरिएको भए पनि ती शैलीवैज्ञानिक कोणबाट गरिएका र अनुसन्धानमूलक पाइएनन् । कृष्णविनोद लम्सालको *विभाजित समय* उपन्यासको पनि अन्य विभिन्न कोणबाट अध्ययन भएको पाइए पनि यही पक्षमा केन्द्रित भएर कुनै अध्ययन भएको पाइएन । साहित्यिक कृतिको अध्ययन नवीन प्रक्रिया र पद्धतिका रूपमा गर्नु शैलीविज्ञानको मुख्य विशेषता हो । नेपाली उपन्यासका क्षेत्रमा पात्रमा मात्र केन्द्रित भएर शैलीवैज्ञानिक अध्ययन भएको पाइएन । यस आधारमा प्रस्तुत अध्ययन नै यस सन्दर्भको पहिलो र नवीन कार्यका रूपमा रहेको छ । शैलीवैज्ञानिक वर्गीकरणका आधारमा विभाजित समय उपन्यासका पात्रहरू केकस्ता छन् भन्ने कुरा यस अध्ययनको मूल

अनुसन्धान प्रश्न हो भने यो उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण गर्नु यसको उद्देश्य हो ।

## अध्ययन विधि

'*विभाजित समय* उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण' शीर्षकमा तयार पारिएको यो लेख स्थापित मान्यताका आधारमा कृति वा पाठको विश्लेषण गरिएको गुणात्मक प्रकारको अध्ययन हो । यस लेखमा विभिन्न उपशीर्षकमा सैद्धान्तिक आधार तथा कृतिको विश्लेषण गरी विषयलाई प्रस्ट्याइएको छ । सामग्री सङ्कलनका क्रममा प्राथमिक र द्वित्तीयक दुवै प्रकारका सामग्री लिइएको छ । प्राथमिक सामग्रीका रूपमा कृष्णविनोद लम्सालद्वारा लिखित *विभाजित समय* उपन्यासलाई लिइएको छ भने शैलीविज्ञान र उपन्यासका पात्रको वर्गीकरणका सैद्धान्तिक आधार निर्माणका लागि पुस्तकालयबाट द्वित्तीयक प्रकारका सामग्री लिइएको छ ।

निर्धारित उद्देश्य प्राप्तिका लागि सङ्कलित तथ्याङ्कहरूलाई आधिकारिक धारणा र मानकका रूपमा स्थापित सङ्घसंस्था वा व्यक्तिहरूद्वारा लिखित/प्रकाशित भाषाविज्ञान साथै उपन्यास सिद्धान्त र शैलीविज्ञानसँग सम्बन्धित पुस्तकलाई आधार मानी तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ । तथ्याङ्कहरूको सङ्कलन (पात्र सङ्कलन) विभाजित समय उपन्यासबाट गरिएको छ । यस क्रममा पात्रहरूलाई उद्देश्यमा किटान गरिएका पात्र वर्गीकरण र चरित्रचित्रणका आधारबमोजिम शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण गरिएको छ । शैलीवैज्ञानिक मूलभूत मान्यताका आधारमा चरित्रचित्रण गर्नु यस अध्ययनको उद्देश्य रहेकाले विश्लेषणलाई लेखका रूपमा प्रस्तुतीकरण गर्दा वर्णनात्मक विधिको उपयोग गरिएको छ । लेखको आकारगत सीमाका कारण उपन्यासका अन्य पक्षको शैलीवैज्ञानिक आधारमा विश्लेषण नगरी पात्रहरूको चरित्रचित्रण मात्र गरेर निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक आधार

### *चरित्र र चरित्रचित्रण*

उपन्यासमा सहभागी हुने मानवीय(व्यक्ति) र मानवेत्तर (अन्य पशुपक्षी) प्राणी नै पात्र वा चरित्र हुन् । कृतिमा प्रत्येक चरित्रको रूप र बिम्ब फरक किसिमले निर्धारित भएको हुन्छ । कथावस्तुको रचनाको आधार नै पात्र हो । कथानकलाई गति दिनमा पात्रको भूमिका ज्यादै महत्त्वपूर्ण हुन्छ । उपन्यासभित्रका पात्रले कुन सामाजिक वर्ग, जाति, पेसा र मनोवैज्ञानिक स्तरको प्रतिनिधित्व गरिरहेको छ भनी त्यसका बारेमा गरिएको खोजी वा व्याख्या नै चरित्रचित्रण हो । जुन पात्रले बढीभन्दा बढी र विशिष्ट कुराको प्रतिनिधित्व गर्न सक्छ उपन्यासका पाठकका लागि त्यही नै स्मरणयोग्य बन्दछ । बानी, बोली, हेराइ, क्रियाकलाप आदिले एउटा नयाँ व्यक्तित्वको छाप पार्न सक्ने चरित्रको उपस्थिति उपन्यासमा अति वन्दनीय हुन्छ (बराल र एटम,२०५५ पृ. ३४) ।

उपन्यासमा सामान्यत: प्रत्यक्ष/वर्णनात्मक र अप्रत्यक्ष/नाटकीय पद्धतिबाट चरित्रचित्रण गरिन्छ । उपन्यासकारले बाहिरबाट चरित्रको स्थिति, सोचाइ, विचार, अनुभवजस्ता कुराहरूमा आफ्नो दृष्टिकोण वर्णन गरी आधिकारिक रूपमा उल्लेख गर्दछ भने त्यो प्रत्यक्ष वा वर्णनात्मक पद्धति हो । यस्तो वर्णन विशेषत: मनोवैज्ञानिक उपन्यासहरूमा प्रकट भएको हुन्छ । त्यस्तै उपन्यासकारले उपन्यासभित्रका चरित्रहरूलाई आफैं परिचित हुने वातावरण प्रदान गर्दछ । आफू टाढा बसी उपन्यासकारले उनीहरूलाई विचार ओकल्ने वातावरणको निर्माण गरिदिन्छ र पात्रलाई अन्य पात्र वा घटनाका बारेमा टिप्पणी गर्न दिन्छ भने त्यो अप्रत्यक्ष वा नाटकीय पद्धति हो (बराल र एटम, २०५५ पृ. ३५) ।

### *पात्र वर्गीकरण/चरित्रचित्रण*

उपन्यासमा प्रयोग गरिने पात्रहरू जीवन र जगत्का फरक सन्दर्भहरूबाट टिपिने भएकाले तिनमा

भिन्नता पाइनु स्वाभाविक हुन्छ । कथानक र वातावरणको फरकपनाका कारण पात्रका गुणहरू फेरिन पुग्दछन् । यस सम्बन्धमा भिन्न मतहरूसमेत पाइन्छन् । तीमध्ये बराल र एटम (२०५५) को वर्गीकरणअनुसार पात्रहरू यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक साथै पारम्परिक र मौलिक किसिमका हुन्छन् र यिनैका आधारमा चरित्रको चित्रण गरिन्छ अर्थात् चरित्रचित्रणका मूल आधार पात्रहरूका स्थिति र प्रवृत्तिलाई नै मानिन्छ ।

शर्मा (२०५९)का अनुसार शैलीविज्ञान भाषाविज्ञान र काव्यशास्त्रको उचित समन्वयबाट निर्मित विज्ञान हो । त्यसैले यसमा एकातिर साहित्यिक कृतिका भाषिक पक्षको अध्ययन गरिन्छ भने अर्कातिर काव्यकृतिमा अन्तर्निहित सौन्दर्य पक्षको पनि अध्ययन गरिन्छ । सैद्धान्तिक रूपमा शैलीविज्ञानको सम्बन्ध साहित्यशास्त्रसँग भए पनि यसको मूल प्रकृतिचाहिँ भाषावैज्ञानिक छ । शैलीविज्ञानले साहित्यलाई भाषिक कलाका रूपमा लिन्छ ।

शर्मा (२०५९)द्वारा पात्र वर्गीकरण तथा चरित्रचित्रणका आधारहरू उल्लेख गरिएको छ । तिनलाई पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरणका रूपमा स्पष्ट पार्दै चरित्रचित्रणका आधारहरू पनि यिनै हुन सक्ने साथै यसलाई तालिका र व्याख्या दुवै रूपबाट प्रस्तुत गर्न सकिन्छ । उनले उल्लेख गरेअनुसार लिङ्गका आधारमा पात्र पुलिङ्ग र स्त्रीलिङ्ग हुन्छन् । पात्र वा व्यक्तिको शारीरिक जात छुट्ट्याउने आधार लिङ्ग हो । पात्रको बाह्य वर्णन, शारीरिक बनावट, नामकरण, स्वभाव, क्रियापदको प्रयोग आदिबाट पुलिङ्ग वा स्त्रीलिङ्ग भनी यो कुरा छुट्ट्याउन सकिन्छ । कार्यका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण हुन्छन् । बढी कार्य वा बढी मूल्यको कार्य गर्ने पात्र प्रमुख, त्यसभन्दा घटी कार्य गर्ने सहायक र त्यसभन्दा पनि घटी कार्य गर्नेचाहिँ गौण वर्गको हुन्छ । उपन्यासमा जुन व्यक्तिको नाम/सर्वनाम सबभन्दा बढी दोहोरिएको हुन्छ त्यो प्रमुख साथै त्यसभन्दा कम र अझ कम दोहोरिएको क्रमशः सहायक र गौण पात्र हुन्छ । लिङ्गका आधारको वर्गीकरणसँगै दाँजेर पुलिङ्ग प्रमुख र सहायक पात्रलाई क्रमशः नायक र सहनायक अनि स्त्रीलिङ्गलाई नायिका र सहनायिका भनी वर्गीकरण गर्न सकिन्छ । प्रवृत्तिका आधारमा हेर्दा पात्र अनुकूल र प्रतिकूल/सत् र असत् हुन्छन् । उपन्यासमा सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने अनुकूल/सत् हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने प्रतिकूल/असत् हुन्छ । यही आधारमा नै नायक-सहनायक-खलनायक वा नायिका-सहनायिका-खलनायिका भनी छुट्ट्याउन सकिन्छ । जीवनचेतनाका आधारमा पात्र वर्गगत र व्यक्तिगत दुई प्रकारका हुन्छन् । अरूका जीवनको पनि अर्थात् कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्ने वर्गगत हुन्छ भने आफ्नो मात्र प्रतिनिधित्व गर्ने व्यक्तिगत हुन्छ । आसन्नताका आधारमा पात्रलाई नेपथ्य र मञ्चीयमा बाँड्न सकिन्छ । कथयिता वा अन्य पात्रले सन्दर्भले नाम उच्चारण मात्र गरेको र भूत/पूर्वकालमा ज्यादा सक्रिय रहेको नेपथ्य हुन्छ भने उपन्यासमा प्रस्तुत भएर कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने तथा वर्तमानमा सक्रिय हुने मञ्चीय हुन्छ । यसै गरी आबद्धताका आधारमा पात्रलाई बद्ध र मुक्त भनी वर्गीकरण गर्न सकिन्छ । उपन्यासको कथानकसँग पात्र बाँधिने कार्य नै आबद्धता हो । उक्त पात्रलाई झिक्दा उपन्यासको संरचना भत्किन्छ वा खजमजिन्छ भने त्यो बद्ध हुन्छ भने त्यसलाई झिक्दा पनि संरचनामा खास हलचल आउँदैन भने त्यो मुक्त हुन्छ । स्वभावका आधारमा गतिशील र गतिहीन भनी पात्रलाई वर्गीकरण गर्न सकिन्छ भने स्थितिअनुरूप बदलिने पात्र गतिशील र सुरूदेखि अन्त्यसम्म नबदलिई उही रूपमा रहने गतिहीन हुन्छ । अर्को शब्दमा भन्दा नयाँ रूप लिने र एकैसाथ रहिरहने भन्ने आधारमा यस्तो विभेद गर्न सकिन्छ । वातावरण वा कुनै घटनाले गर्दा परिवर्तित हुने पात्र गतिशील हुन्छ भने सुरूदेखि अन्त्यसम्म चारित्रिक दृष्टिले भिन्नता नआउने गतिहीन हुन्छ । यहाँ यही सिद्धान्तमा केन्द्रित भएर पात्र/चरित्रको चित्रण/विश्लेषण गरिएको छ ।

## पात्र/चरित्रको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण/विश्लेषण

विभाजित समय पात्रबहुल उपन्यास हो । यसमा तल नाम उल्लेख गरिएका कूल १४२ जना पात्रहरू छन् - धनबहादुर, धनपाल चौधरी, सत्यमती शर्मा सिक्तेल, होमनाथ शर्मा सिक्तेल, पुष्कर, फूलसरी चौधरी, श्रीप्रसाद (होमनाथका बाबु), होमनाथकी आमा, अमिरराज, भोजवीरकी आमा, भोजवीर, देवराज (अमिरराजका बाबु, नरवीर रम्तेल (प्रधानपञ्च), साहुनी(भट्टीवाल्नी), लाटी केटी, साँल्दिदी (होटेलवाल्नी), होमनाथकी ठूलीआमाकी बुहारी, नेताजस्ती लाग्ने महिला, विज्ञानराज शर्मा, धनुषधारी याक्खा, सत्यनारायण चौधरी, रतनलाल, धनपालकी बूढी(स्व.), तरङ्गलाल(धनपालको छोरो), गजवलाल ( धनपालको छोरो), पुहुपाल(धनपालका बाबु), रतनलालका बाबु, बुधनारायण (धनपालका बाबु), तरङ्गलालका २ छोरी र १ छोरो, तरङ्गलालको ज्वाइँ (क्यानडामा बस्ने), दिलिप (रामलालको छोरो), धनुषधारीका बाबुआमा, धनुषधारीकी फुपू, धनुषधारीको फुपाजु, धनुषधारीकी धर्मबैनी (दमाईंबुढाकी छोरी), धनुषधारीकी फुपूकी सौता, समूहका महिला १, २, ३, दाजुभाइ, भाउजूहरू, होटलवालाहरू, निगुरो किन्ने ग्राहकहरू, निर्मलीको दाजु, निर्मलीकी भाउजू, निर्मलीको श्रीमान्, निर्मलीका छिमेकी, निर्मलीकी सासू, ढाक्रेहरू, बटुवाहरू, धनञ्जय साहु, धनपुरीको इतिहास जान्ने शिक्षक (धनीराम वर्मा), धनपुरीका विभिन्न पेसाकर्मी युवाहरू, प्रहरी असई (रामलाल विश्वास), सत्यमतीका ससुरा (स्व), सुरक्षा र दुहिता (सत्यमतीका छोरीहरू), निर्मलीको बाबु (स्व.), धनपुरीका युवायुवतीहरू, सीडीओ साहव, डीएसपी (उमाभद्र पोखेल), पत्रकार (सर), प्रतिष्ठा मेडम (पुलामी, धनबहादुरकी भान्जेबुहारी), सुरक्षाका विद्यालयका सरहरू, दमै बूढा, दमै बूढाका २ छोरा, धनपुरीका गाउँले, खरदार, इनिस्पेक्टर, प्राध्यापक, पुरेतका छोरा, पहाडको गोठालो, तीनजना देवरहरू, भाँडा माझ्ने विरबल्ली, हली, वीरबल्लीको लोग्ने (स्व.), हलीकी स्वास्नी (स्व.), एकजना केटी, एकजना लाहुरे, ठुला जागिरे, अधवैंसे विधवा, मतवाली अनुहार परेकी ३० र ३५ वर्षकी महिला, आधुनिक जस्ती लाग्ने महिला, मधेसी महिला (ममता सदा), निरूता चौधरी, भुजेश्वर, अजयानन्द कट्टेल (पत्रकार), अजयानन्द कट्टेलकी श्रीमती रूपा कट्टेल, सुयशा उपाध्याय, केही थरूनी केटीहरू, मालका खरदार, मन्जुरकुमार मगर, खाइलाग्दा लोग्ने मान्छेहरू, खाइलाग्दा आइमाई मान्छेहरू, मारवाडीहरू, क्याम्पसका विद्यार्थीहरू, शान्तामाया मुर्मू, सीडीओ, नम्रता मण्डल, विपना ताम्राकार, फूलसरीकी सोल्टी, मन्जुर मगरका बाबु,मन्जु मगरका बाजे, शत्रुघ्न (पुष्करको साथी), मलामीहरू, बनिता (पुष्करकी श्रीमती), पण्डितजी, बनिताका दाजुभाइहरू (जागिरे), शोभा(सत्यमतीकी आमाजूकी नातिनी), हिरण्यलाल (सिवाकोटी काका), सदानन्द शर्मा (सिरानघरे काका), जबरबहादुर (बिजुवा), जबरबहादुर (बिजुवा)को दाजु, जबरबहादुर (बिजुवा)की भाउजू, वीरबहादुर(बिजुवाको सहयोगी), एक युवक र अन्य युवकहरू, सिरानघरे काकाका बाबु, सिरानघरे काकाकी श्रीमती, सिरानघरे काकाका माइला मामा(नन्दीकेशर), सिरानघरे काकाकी आमा, सिरानघरे काकाका जेठा मामा, सिरानघरे काकाका माइला मामाका परिवार, सिरानघरे काकाका माइला मामाको छोरो, सिरानघरे काकाको जेठो छोरो (अधिकृत), सिरानघरे काकाकी जेठी बुहारी, सिरानघरे काकाको नाति, सिरानघरे काकाको कान्छो छोरो, धनपुरीको नयाँ मानिस-१, धनपुरीको नयाँ मानिस-२, बहुदलवादी नेता, धनपुरी चौकीका पुलिसहरू, जुगल शर्मा (बहुदलवादी नेता), सुयशाको जेठो छोरो सुयश, सुयशाकी बुहारी कामना, सुयशाका छोरीहरू पिङ्गला र प्रीति, शिवाकोटी बूढा, हिरण्यका बाबु, हिरण्यकी सौतेनी आमा, हिरण्यका सौतेनी दिदीहरू(पाँचओटी), हिरण्यका आफ्नै दुई दिदीहरू,फूलसरीलाई सम्झाउने महिला, फूलसरीका सहकर्मी नेताहरू,फूलसरीको दुष्प्रचार गर्ने मान्छे, फिरौती उठाउने फूलसरीका कार्यकर्ता, पत्रकारको अपहरित छोरो, अपहरित

केटाको पत्रकार मामा दिवाकर शर्मा, अमरनाथ (फूलसरीको पाटीका के.सभापति), कार्यक्रममा हुलदङ्गा मच्चाउने समूह, वकिल(तिम्सिना वकिल) जन्मेजय, धनपाललाई नातिनीबारे खबर दिने दुई जना, विद्रोही युवक, अञ्चलाधीश, पुरेतजस्ता लाग्ने एक व्यक्ति, सर्ट पाइन्ट लगाएका अधवैँशे, जगदीश शाह, फूलसरीलाई सम्झाउने वृद्ध, समसामयिक छलफलमा सहभागी हुने दुई जना ।

यीमध्ये सत्यमती शर्मा र धनपाल चौधरी प्रमुख साथै धनबहादुर क्याप्छाकी र धनुषधारी याक्खा प्रमुख सहायक पात्रका रूपमा देखिन्छन् । यसै गरी वृन्दामाया बुढाथोकी, प्रतिष्ठा पुलामी, रामलाल विश्वास, विज्ञानराज शर्मा, धनन्जय साहु, मञ्जुरकुमार मगर, फूलसरी चौधरी, होमनाथ शर्मा, पुष्कर, अजयानन्द कट्टेल, सुयशा उपाध्याय, सदानन्द शर्मा, जबरबहादुर बिजुवा, अमरनाथलगायतका पात्रहरू सहायक साथै बाँकी पात्रहरू सहायक र गौणको मिश्रित विशेषता भएका देखिन्छन् । यहाँ प्रमुख, प्रमुख सहायक र सहायक पात्रहरूका अतिरिक्त छानिएका केही गौण पात्रहरूको चरित्रचित्रण गरिएको छ ।

**सत्यमती शर्मा सिक्तेल**

लिङ्गका आधारमा सत्यमती शर्मा स्त्री पात्र हुन् । होमनाथकी श्रीमती, पुष्कर तथा सुरक्षा र दुहिताकी आमा यिनी उपन्यासमा एउटी सक्रिय महिला समाजसेवीका रूपमा उभिएकी छन् । उपन्यासको अन्तिमसम्म नदेखिए पनि कार्यका आधारमा यिनको स्थान प्रमुख छ । उपन्यासकारले यिनलाई केन्द्रीय भूमिकामा राखेका छन् । स्थानीय समाजमा व्याप्त पछौटेपनका विरूद्ध समाजका सबै जातजाति, भाषाभाषी र क्षेत्रका मानिसहरूलाई समेटेर समाजमा परिवर्तन र विकास गर्ने उद्देश्यले मन, वचन र कर्मले लागेकाले यिनी यहाँ प्रमुख पात्रका रूपमा चिनिएकी हुन् । उपन्यासभित्रको भूमिका हेर्दा कहीँ कतै पनि उनले समाजविरूद्धका कुनै पनि काम गरेकी छैनन् । उनका व्यवहारले पाठकका मनमा कुनै नकारात्मक छाप पर्दैन । त्यसकारण यिनी अनुकूल पात्र हुन् । उपन्यासमा सुरूदेखि अन्त्यसम्म (उनको उपस्थितिसम्म) यिनको स्वभावमा कहीँ पनि खास परिवर्तन छैन त्यसैले यिनी गतिहीन (स्थिर) पात्र हुन् । यिनका कतिपय व्यक्तिगत गुणहरू विद्यमान हुँदाहुँदै पनि विभिन्न खालका पारिवारिक, सामाजिक समस्याहरूका कारण आफ्नो मानप्रतिष्ठामा आघात पुगेपछि पुरानो थातवास छाडी नयाँ ठाउँमा बसाइँ सर्न बाध्य भएकाहरू अधिकांशले इख राखी गरी खाएको र पुराना कमी कमजोरीहरूबाट पाठ सिकेको घटना हेर्दा समग्रमा भने यिनी वर्गगत पात्रका रूपमा उभिएकी छन् । उनी यस उपन्यासमा प्रत्यक्ष उपस्थित छन् अर्थात् मञ्चमा देखिएकी छन् । त्यसैले यिनी मञ्चीय पात्र हुन् । यहाँ उनको उपस्थिति सशक्त र प्रभावकारी छ ।

**धनपाल चौधरी**

यस उपन्यासमा एउटा असल जिम्दार तथा तरङ्गलाल र गजबलालका बाबुका रूपमा देखिएका धनपाल चौधरी पुरूष पात्र हुन् । उपन्यासमा सबैभन्दा बढी कार्य वा बढी मूल्यको काम गर्ने प्रमुख हुन्छ (बराल र एटम : २०५५) । यस आधारमा यिनमा प्रमुख पात्र हुने गुण पनि देखिन्छन् तथापि समग्रमा चाहिँ यिनी सहायक पात्र हुन् किनभने समग्र सामाजिक जीवनलाई हेर्दा यिनको योगदान प्रमुख सहायक स्तरको छ । यस उपन्यासभित्रका घटनाहरूलाई अप्रत्यक्ष रूपमा कहीँ कतै कसैका पक्षमा यिनले काम गर्न नसकेका भए पनि समष्टिमा यिनले उपन्यासमा निर्वाह गरेको भूमिका सकारात्मक छ, त्यसैले यिनी यहाँ अनुकूल पात्रका रूपमा उभिएका छन् । यिनले उपन्यासमा सन्दर्भअनुसार धेरै भिन्न या तलमाथि हुने वा परिवर्तित व्यवस्था देखाएका छैनन् त्यसैले यिनी गतिहीन (स्थिर) पात्रका रूपमा खडा भएका छन् । उपन्यासमा यिनले जेजस्तो जीवन भोगेका छन् त्यो उनको पूणर्त: व्यक्तिगत जीवन नभई यस्तै परिस्थितिमा अरू सबैले समेत भोग्न सक्ने जीवन भोगेका छन् : त्यस अर्थमा यिनी वर्गीय पात्रका रूपमा

देखिन्छन् । यति हुँदाहुँदै पनि यिनमा केही व्यक्तिगत गुणहरू समेत नभएका भने होइनन् । यस उपन्यासमा धनपाल चौधरीको उपस्थिति सक्रिय रूपमा अगाडि नै छ अर्थात् पर्दापछाडि (नेपथ्यमा) छैन त्यसैले उनी मञ्चीय पात्र हुन् । उपन्यासमा यिनको उपस्थिति अनिवार्य जस्तै छ । यस आधारमा यिनी बद्ध पात्र हुन् ।

**धनबहादुर क्याप्छाकी**

उपन्यासको मुख्य स्थानगत परिवेश मानिएको धनपुरीमा धनपालसँग रही समाजसेवा र स्थानीय विकासमा सकारात्मक भूमिका खेल्ने धनबहादुर पुरूष पात्र हुन् । प्रमुख पात्रमा हुन सक्ने विभिन्न गुणहरू हुँदाहुँदै पनि सामाजिक योगदान तथा व्यक्तिगत क्षमता र उन्नति प्रगति साथै भूमिका आदिलाई हेर्दा यिनी स्पष्ट रूपमा सहायक पात्रका रूपमा उपस्थित छन् । उपन्यासभित्र यिनको भूमिका हेर्दा यिनले जान वा अनजान रूपमा कहींकतै पनि समाजविरोधी कार्य गरेको देखिँदैन त्यसैले यिनी यहाँ अनुकूल पात्रका रूपमा उपस्थित छन् । उपन्यासको सुरूदेखि अन्त्यसम्म विभिन्न उकालीओरालीहरूमा समेत यिनको भूमिकामा उतारचढाव (परिवर्तन) छैन त्यसकारण यिनी यस उपन्यासमा गतिहीन (स्थिर) पात्रका रूपमा उपस्थित देखिन्छन् । यहाँ समाजसेवी तथा स्थानीय विकासप्रेमी पात्रका रूपमा यिनले भोगेको जीवन व्यक्तिगतभन्दा बढी वर्गगत/वर्गीय छ त्यसैले यिनी वर्गीय पात्र हुन् । यस उपन्यासमा धनबहादुरको भूमिका महत्त्वपूर्ण छ । यिनी उपन्यासको अग्रस्थानमै उपस्थित छन् त्यसैले यिनी मञ्चीय पात्र हुन् । यस उपन्यासबाट धनबहादुरलाई झिकिदिने हो भने उपन्यासको यो स्वरूपमा गडबडी आउन सक्छ अर्थात् उपन्यासमा यिनको उपस्थिति अनिवार्य जस्तै छ त्यसैले यिनी बद्ध पात्र हुन् ।

**धनुषधारी याक्खा**

बाह्य वर्णन, शारीरिक बनावट, नाम, स्वभाव आदिलाई हेर्दा यस उपन्यासमा धनुषधारी याख्खा भन्ने व्यक्ति/पात्र पुरूष हुन् । धनुषधारीमा प्रमुख पात्रमा हुने गुणहरू विद्यमान रहेका छन् तथापि सम्पूर्ण कुराहरू केलाउँदा यी पात्र पूर्ण रूपमा प्रमुख नभएर सहायक देखिन्छन् । यी पात्रले यस उपन्यासमा खेलेको भूमिका मानवतावादी चिन्तनमा आधारित, समाज सुधारोन्मुख र प्रगतिशील किसिमको छ । यस आधारमा यिनी अनुकूल पात्र हुन् । धनुषधारीलाई सुरूमा जुन रूप र भूमिकामा देखिन्छ अन्त्यसम्म पनि सोही भूमिकामा नै देखिने हुनाले यिनी गतिहीन (स्थिर) पात्रका रूपमा चिनिएका छन् । याक्खा थरको भएर पनि दमाईंकामा बस्नु, जाँडरक्सीको विरोध गर्नु, पण्डितजस्तै मीठो पाराले कुरा गर्नु, सबैलाई चिन्नु, जहाँ पनि पुग्नु, अविवाहित रहनु, समाज बदल्ने सन्देश बाँड्नु जस्ता एकापसका विपरीत गुणहरू हेर्दा धनुषधारी यस उपन्यासका व्यक्तिगत पात्र हुन् । यस उपन्यासमा धनुषधारीको प्रत्यक्ष उपस्थिति छ । यिनी उपन्यासको कथानकको अग्रस्थानमै उपस्थित छन् : यस आधारमा यिनी मञ्चीय पात्र हुन् । यस उपन्यासमा यिनलाई उपन्यासकारको मुख पात्र मान्न सकिन्छ त्यसैले यी पात्र मञ्चीय हुन् ।

**वृन्दामाया बुढाथोकी**

उपन्यासमा यिनका बारेमा गरिएको वर्णन र यिनले खेलेको भूमिका आदि कुराहरूलाई हेर्दा यिनी स्त्रीपात्र हुन् भन्ने स्पष्ट हुन्छ । यिनले उपन्यासमा सुरूदेखि उपस्थित भएर अन्त्यसम्म एकै रूपमा भूमिका खेल्न सकेकी छैनन् त्यसैले यिनी यहाँ सहायक पात्र हुन् । उपन्यासमा यिनले खेलेको भूमिका समग्रमा सकारात्मक छ । यस आधारमा यिनी अनुकूल पात्र हुन् । वृन्दामाया बुढाथोकीले पहाडदेखि मधेससम्म भोगेको जीवनमा खास फरक व्यवहार देखाएकी छैनन् त्यसैले यिनी गतिहीन (स्थिर) पात्र हुन् । यिनले भोगेको जीवन आम नेपाली नारीहरूको भन्दा खास भिन्न नभएकाले यिनी वर्गीय पात्रका रूपमा उपस्थित छिन् । यिनी उपन्यासमा दृश्यात्मक भूमिकामा उपस्थित छन् । यस आधारमा यिनी मञ्चीय पात्र हुन् । वृन्दामायालाई हटाइदिने हो भने उपन्यासको

स्वरूपमा नकारात्मक प्रभाव परी त्यस रूपमा कायम रहन नसक्ने भएकाले यिनी बद्ध पात्रका रूपमा उपस्थित छिन् ।

**प्रतिष्ठा पुलामी/प्रतिष्ठा मेडम**

उपन्यासमा प्रतिष्ठा पुलामी वा प्रतिष्ठा मेडमका रूपमा परिचित यिनी सचेत स्त्रीपात्रका रूपमा देखिन्छिन् । उपन्यासमा एउटी सक्रिय समूहपरिचालक महिलाका रूपमा चिनाइएकी यिनी उपन्यासका निश्चित भागहरूमा मात्र उपस्थित छिन् त्यसैले यिनी सहायक पात्र हुन् । उपन्यासमा प्रतिष्ठाद्वारा निर्वाह गरिएको भूमिका सकारात्मक र समाजोपयोगी छ त्यसकारण यिनी अनुकूल पात्रका रूपमा देखिन्छिन् । उपन्यासको पृ. ७८ मा पहिलो पटक नाम आएदेखि अन्तिमसम्म यिनको चारित्रिक स्वभावमा परिवर्तन आएको छैन त्यसैले यिनी गतिहीन/स्थिर पात्र हुन् । उपन्यासका कतिपय ठाउँमा व्यक्तिगत विशेषताहरू हुँदाहुँदै पनि यिनको जीवन शिक्षित र सचेत नेपाली महिलाहरूको प्रतिनिधित्व हुने खालको छ त्यसैले यिनी यहाँ वर्गीय पात्र हुन् । यिनी यहाँ स्पष्ट रूपमा देखिने गरी प्रस्तुत भएकी छिन् : यस अर्थमा यिनी मञ्चीय पात्र हुन् । यहाँ प्रतिष्ठा पुलामीलाई गाउँघरतिर बसेर पनि नारीचेतना जगाउनमा विशेष भूमिका खेल्ने तथा पत्रकारितासँगै घर व्यवहारसमेत समेट्न सफल एउटी नारीका रूपमा प्रस्तुत गरिएको छ । उनलाई झिकिदिने हो भने उपन्यासको त्यो पाटो ओझेलमा पर्छ त्यसैले यिनी बद्ध पात्र हुन् ।

**रामलाल विश्वास**

प्रहरी असइका रूपमा चिनाइएका रामलाल विश्वास शारीरिक बनावट, बाह्य वर्णन, नामकरण, स्वभाव जस्ता कुराहरूका आधारमा हेर्दा पुरूष पात्र हुन् । पृ. ६४ मा पहिलोपटक नाम आएका यिनी जति ठाउँमा उपस्थित छन् त्यहाँ मुख्य भूमिकामै आएका छन् तथापि सबै ठाउँमा यिनको उपस्थिति प्रमुख रूपमा हुन सकेको छैन त्यसैले यिनी यस उपन्यासका सहायक पात्र हुन् । उपन्यासमा यिनको उपस्थिति सामाजिक शान्ति सुरक्षा कायम गराउन अर्थात् जनताको जिउधनको सुरक्षा गर्नकै लागि भएको छ त्यसैले यिनी अनुकूल पात्र हुन् । उपन्यासमा यिनको सन्दर्भ आएका सबै ठाउँमा यिनी उही रूपमा चिनाइएका छन् त्यसकारण यिनी गतिहीन/स्थिर पात्रका रूपमा चिनिएका छन् । तल्लो स्तरका प्रहरी अधिकृतहरूलाई सामान्यत: गाउँमा खटाइने र त्यहाँ गएर शान्ति सुरक्षा गर्नुपर्दा उनीहरूले समाजसँग सहकार्य गर्नुपर्ने वास्तविक अवस्थाको प्रतिनिधित्व यिनले गरेका छन् त्यसैले यिनी यस उपन्यासमा वर्गीय पात्र हुन् । यिनी उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित गराइएकाले मञ्चीय पात्र हुन् । उपस्थित भएका ठाउँमा यिनको उपस्थिति सबलै छ तथापि यिनलाई उपन्यासबाट अलग गर्ने नै हो भने पनि उपन्यासको कथानकमा खास असर पर्दैन । यस अर्थमा यिनी मुक्त पात्र हुन् ।

**विज्ञानराज शर्मा**

बाह्य गुण तथा उनका शारीरिक विशेषता साथै अन्य कुराहरू समेत हेर्दा उपन्यासमा विज्ञानराज शर्मा पुरूष पात्र हुन् । यिनलाई धेरै ठाउँमा उपन्यासकारले महत्त्वपूर्ण पात्रका रूपमा उपस्थित गराएका छन् तथापि यिनी बढी र विशेष भूमिकामा छैनन् त्यसैले यिनी यहाँ सहायक पात्र हुन् । उपन्यासमा यिनको भूमिका निजामती स्तरको सहसचिव जस्तो माथिल्लो पदमा पुगेका र सी.डी.ओ.जस्तो महत्त्वपूर्ण प्रशासनिक जिम्मेवारीमा रहेका व्यक्ति भएर पनि अवकाश जीवन गाउँघरमै समाजसेवा गरेर बिताउने आदर्श व्यक्तिका रूपमा देखाइएको छ त्यसैले यिनी अनुकूल पात्र हुन् । उपन्यासमा यिनको भूमिका सबै ठाउँमा प्राय: एकनाशको छ अर्थात् कतै पनि भिन्न रूपमा वा बदलिएर आएको छैन त्यसैले यी गतिहीन/स्थिर पात्र हुन् । जीवनमा ठुलो जागिर खाएर, प्रशस्त धनसम्पत्ति कमाएर साथै प्रतिष्ठित भएर पनि सहर, बजार तथा सुविधा सम्पन्न ठाउँमा जाने सम्भावनालाई नकारी

अवकाश जीवन आफ्नै दुर्गम गाउँको सेवा गरी बिताउने मान्छे आम रूपमा हेर्दा एकदम कम पाइन्छन् तर यिनले उक्त आम प्रवृत्तिभन्दा भिन्न व्यवहार देखाएका छन् त्यसैले यिनी व्यक्तिगत पात्र हुन् । उनी यस उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भएका नाताले मञ्चीय पात्र हुन् । यहाँ उनलाई जुन आदर्श स्थापनाका लागि उभ्याइएको छ उपन्यासबाट उनलाई झिकीदिने हो भने त्यो आदर्श प्रवाह गर्ने उद्देश्य पूरा हुन सक्दैन त्यसकारण यिनी बद्ध पात्र हुन् ।

**धनञ्जय साहु**

नाम, शारीरिक बनावट, बाह्य स्वरूप आदि विभिन्न आधारमा हेर्दा यिनी पुरूष पात्र हुन् । उपन्यासको मुख्य स्थानगत परिवेश धनपुरीमा बस्ती बसाउन वा त्यस ठाउँको विकास गर्नमा सकारात्मक भूमिका भए पनि समग्रमा यिनको भूमिका सहायक मात्र देखिन्छ त्यसकारण यिनी सहायक पात्र हुन् । उपन्यासमा यिनको उपस्थिति सकारात्मक व्यवहार प्रदर्शन गर्ने एकजना इमानदार पात्रका रूपमा गराइएको छ त्यसकारण यिनी यस उपन्यासभित्रका अनुकूल पात्र हुन् । यिनको चिनारी पाइने ठाउँहरूमा यिनी एउटै व्यवहार तथा स्वरूपमा उपस्थित छन् त्यसैले यिनी गतिहीन/स्थिर पात्र हुन् । धनञ्जय साहु जीविकोपार्जन गर्न सानातिना चोकबजारमा सानोतिनो लगानीले चिया नास्ता पसल खोली आफ्नो र उक्त ठाउँको विकास गर्ने व्यक्तिहरूका प्रतिनिधि हुन सक्ने पात्र भएकाले वर्गीय पात्र हुन् । उपन्यासमा यिनको उपस्थित प्रत्यक्ष रूपमा भएकाले यिनी मञ्चीय पात्र हुन् । उपन्यासमा सबै पात्रको आआफ्नो ठाउँमा विशेष भूमिका भएजस्तै यिनको पनि छ तथा यिनलाई झिकिदिने हो भने पनि उपन्यासको कथानकमा खास भिन्नता आउँदैन त्यसैले यिनी मुक्त पात्र हुन् ।

**मञ्जुरकुमार मगर**

शारीरिक संरचना अर्थात् बाह्य बनावट, विशेषता आदिलाई हेर्दा मञ्जुरकुमार मगर यस उपन्यासका पुरूष पात्र हुन् । यस उपन्यासमा उनले एउटा शिक्षित तथा सचेत विद्यार्थी नेताका रूपमा भूमिका निर्वाह गरेका छन् तथापि ज्यादा र विशेष भूमिका निर्वाह गरेका छैनन् । त्यसैले यिनी सहायक पात्र हुन् । यिनी सुरूमा वाक्पटु र अत्यन्त सकारात्मक विद्यार्थी नेता तथा अनुकूल पात्रका रूपमा देखिन्छन् तर पछि सहपाठी फूलसरी चौधरीसँग विवाह गरेपछि राजनीतिक जीवनको उचाइ बचाउन नसक्नु, सिद्धान्तको राजनीतिबाट विचलित देखिनु अर्थात् अवसरवादी बन्नु, श्रीमतीसँग मिलेर बस्न नसक्नु, श्रीमतीले लोग्नेको अनुपस्थितिमा सहनु परेका पीडा र भोग्नु परेका अपमानका क्षणहरूमा समेत सहयोग गर्न नसक्नु, आफ्नो अन्तर्जातीय विवाहलाई आदर्श रूप दिन नसक्नु जस्ता कारणहरूले उनी अनुकूल रहन सकेनन्; त्यसैले उनी प्रतिकूल पात्र हुन् । मञ्जुरकुमार मगर सुरूमा जुन रूपमा चिनिएका थिए पछि यिनको चिनारी बदलिएर अर्कै रूपमा भयो अर्थात् यिनी उही रूपमा रहन सकेनन् । सुरूमा अनुकूल र पछि प्रतिकूल हुन पुगे त्यसैले यिनी गतिशील (अस्थिर) पात्र हुन् । यहाँ मञ्जुरकुमार मगरको प्रवृत्ति सुरूमा एउटा इमानदार र उदीयमान विद्यार्थी नेताका रूपमा सकारात्मक छ भने पछि क्रमशः खस्किँदै यसभन्दा विपरीत भएको छ । यो नेपाली राजनीतिमा सक्रिय व्यक्तिहरूमा देखिने आम प्रवृत्ति हो त्यसैले यिनी वर्गीय पात्र हुन् । मञ्जुरकुमार यस उपन्यासमा प्रत्यक्ष देखिएका हुनाले उनी मञ्चीय पात्रका रूपमा परिचित हुन पुगेका छन् । उनको सुरूको भूमिका सकारात्मक र मुख्य नै भए पनि साथै पछि आम नेपाली राजनीतिज्ञहरूको प्रतिनिधित्व गरेको भए पनि समग्रमा यस उपन्यासमा उनी नहुँदा खास फरक पर्दैन त्यसैले उनी मुक्त पात्र हुन् ।

**फूलसरी चौधरी**

नाम, बाह्य रूप तथा शारीरिक बनावट आदिलाई आधार मान्दा फूलसरी यस उपन्यासकी स्त्रीपात्र हुन् । उपन्यासका सुरूदेखि लगभग अन्तिमसम्मै निकै प्रमुख भूमिकामा आएकी भए पनि अन्तिमतिरका यिनका नकारात्मक कार्यहरूका कारण

यिनी प्रमुख पात्र हुन सकेकी छैनन् अर्थात् यिनी सहायक पात्र हुन् । फूलसरी चौधरी सुरूमा एकदम इमानदार, सोझी तथा पढाइमा निरन्तर लागिरहने पात्रका रूपमा उपस्थित थिइन् भने पछि यिनको चिनारी सर्ुचित घेराभित्रको राजनीति गर्ने र राजनीतिमा गुण्डा संस्कार भित्र्याउने व्यक्तिका रूपमा बदलियो त्यसैले यिनी गतिशील (अस्थिर) पात्र हुन् । फूलसरीले पढाइ, विवाह, राजनीतिलगायतका कुराहरूमा जेजस्तो धारणा राखेकी वा व्यवहार प्रदर्शन गरेकी छन्, तिनमा उनको पुस्ताका (हालका) युवायुवतीको बानी, व्यवहार, सोचाइ आदिको प्रतिनिधित्व भएको छ त्यसैले यिनी वर्गीय पात्र हुन् । उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भएका कारण मञ्चीय देखिएकी उनी उपन्यासको सुरूदेखि अन्तिमसम्म नै उपस्थित छन् । यिनलाई झिकीदिने हो भने उपन्यास यो रूपमा रहन सक्तैन त्यसकारण यिनी बद्ध पात्र हुन् ।

**होमनाथ शर्मा**

सत्यमतीका श्रीमान्, पुष्कर, सुरक्षा र दुहिताका पिता होमनाथ शर्मा यस उपन्यासका पुरूष पात्र हुन् । उनी उपन्यासको सुरूदेखि नै उपस्थित भए पनि उनले प्रमुख पात्रको भूमिका निर्वाह गर्न सकेका छैनन् त्यसैले यिनी सहायक पात्र हुन् । यिनी पहाडमा हुँदा जाँडरक्सी खाने, रातदिन हाटबजार डुल्ने जस्ता कामसँगै स्त्रीवात् लागेर तराई (धनपुरी)मा बसाइँ सरेका हुन् । तराईमा आएपछि त्यसरी प्रत्यक्ष केही गरेको नदेखिए पनि रहस्यमय मृत्युवरण गरेको र त्यसका कारणका रूपमा उही स्त्रीबात अर्थात् महिलामाथिको हातपात नै रहेको र त्यही कारण कसैले हत्या गरेको देखाइएको छ । त्यसैले, होमनाथ यहाँ प्रतिकूल पात्रका रूपमा उपस्थित भएका छन् । होमनाथ सुरूमा जाँडरक्सी खाने तथा असामाजिक अन्य कामहरूमा लागेका थिए । पछि तराईमा झरेपछि त्यो विवादास्पद छविलाई गुपचुप राखे । मृत्युपश्चात खुलेको रहस्यमा यिनले कसैकी श्रीमतीमाथि हातपात गरेको धाक दिएका कारण उनको हत्या भएको देखिन्छ । यस आधारमा हेर्दा यिनको छवि बदलिइरहने अर्थात् गतिशील (अस्थिर) छ अर्थात् यिनी गतिशील पात्र हुन् । यहाँ होमनाथले भोगेको जीवन आम मानिसले भोग्ने खालको छैन । सामान्यतः पहाडमा क्षत्री, ब्राह्मण परिवारका मानिसहरू खुलेर हाटबजार जाने तथा जाँड रक्सी खाएर रातमा जाग्राम बस्ने वा नाचगान र रसरङ जस्ता कार्य गर्दैनन् अर्थात् त्यस्तो चलन छैन तर यिनले त्यस्तो कार्य गरेका छन् । सामान्यतः लतमा परेको मानिसले त्यति सहजै चटक्कै छाड्न सक्दैन तर यिनले छाडेका छन् । साँच्चै सुध्रिनै खोजेको हो भने त्यस मानिसले गलत काम गर्दैन तर यिनले महिलामाथि हातपातको काम गरेर मृत्युवरण गर्न पुगेका छन् । यी विशेषता हेर्दा यिनी व्यक्तिगत पात्र हुन् । यिनी प्रस्तुत उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भएका छन् त्यसैले यिनी मञ्चीय पात्र हुन् । होमनाथको भूमिका यस उपन्यासमा सबभन्दा बढी नभए पनि घटी पनि छैन । यिनलाई उपन्यासबाट हटाइदिने हो भने उपन्यास यो रूपमा रहन सक्तैन त्यसैले यिनी यस उपन्यासका बद्ध पात्र हुन् ।

**पुष्कर**

सत्यमती र होमनाथ शर्माका छोराका रूपमा उभ्याइएका पुष्कर यस उपन्यासका पुरूष पात्र हुन् । प्रमुख पात्रको भन्दा कम र गौण पात्रको भन्दा बढी भूमिका निर्वाह गरेका हुनाले पुष्कर यस उपन्यासका सहायक पात्र हुन् । यस उपन्यासमा पुष्करले खेलेको भूमिका तराईदेखि पहाडसम्मका सम्पूर्ण कार्यकलाप तथा आफ्नो व्यक्तिगत जीवनमा समेत नकारात्मक नदेखिने भएकाले यी अनुकूल पात्र हुन् । पुष्करले यस उपन्यासमा खेलेको भूमिका सुरूदेखि अन्त्यसम्म खास फरक वा परिवर्तनशील छैन त्यसैले यिनी गतिहीन (स्थिर) पात्र हुन् । यिनी यहाँ वर्गीय पात्रका रूपमा उपस्थित भएका छन् किनभने पहाडबाट बसाइँ सरी तराईतिर आएका व्यक्तिहरूका आफन्त पहाड तराई दुवैतिर उत्तिकै हुने र तिनका केटाकेटीहरू आफ्नो पुर्ख्यौली थलो खोज्दै जान रूचाउने साथै त्यहाँ

तिनलाई सबैले माया ममता दिनेलगायतका कुराहरूमा यिनले खास उमेर समूहका व्यक्तिहरूको प्रतिनिधित्व गरेका छन् । पुष्कर यस उपन्यासका मञ्चीय पात्र हुन् किनभने यिनी उपन्यासमा प्रत्यक्ष अर्थात् देखिने रूपमा प्रस्तुत भएका छन्। उनी यस उपन्यासका मुक्त पात्र नै हुन् भन्दा पनि फरक नपर्ने हो तर यिनी पहाड जाँदा यिनैलाई केन्द्रमा राखेर खाह प्रसङ्गमा थुप्रै रहस्यहरू सतहमा ल्याइएका छन् अर्थात् यिनलाई हटाउने हो भने ती रहस्यहरू बाहिर आउँदैनन् र उपन्यास पनि यो स्तरमा कायम रहन सक्तैन त्यसैले उपन्यासमा यिनको उपस्थिति अनिवार्य देखिन्छ अर्थात् यिनी बद्ध पात्र हुन् ।

**सुयशा उपाध्याय**

उपन्यासमा यिनको उपस्थिति प्रस्ट रूपमा स्त्री पात्रका रूपमा भएको देखिन्छ । यिनको उपस्थितिको मात्रा मात्र हेर्ने हो भने गौण नै मान्न सकिने भए पनि खासमा यिनका उपस्थितिमा उपन्यासभित्र अनेक रहस्यका गाँठाहरू खोतल्दै प्रमुख सन्देशहरू पनि दिइएकाले यिनलाई सहायक चरित्र मान्नुपर्ने देखिन्छ । उपन्यासमा यिनको भूमिकाले नकारात्मक छनक कहीँ कतै नदिएकाले यिनी अनुकूल पात्र हुन् । यिनको उपस्थिति भएका घटना तथा सन्दर्भहरूमा यिनी अपरिवर्तित रूपमा प्रस्तुत भएकी छन् त्यसैले यिनी गतिहीन (स्थिर) पात्रका रूपमा देखिन्छिन् । वर्गीय पात्र मान्न सकिने विभिन्न आधारहरू हुँदाहुँदै पनि समग्रमा चाहिँ यिनी व्यक्तिगत पात्रका रूपमा देखिन्छिन् किनभने यिनी उच्च शिक्षित, सम्पन्न साथै निकै शिष्टाचारयुक्त छिन् तर पहाडको अति दुर्गम गाउँमा बसेकी छन् । यसरी यिनी बस्नै नहुने भन्ने त होइन तर त्यो स्तरका आम मानिसहरू त्यस प्रकारको जीवन सन्तुष्ट भई भोग्न चाहँदैनन्/सक्दैनन् । सुयशा उपाध्याय मञ्चमै प्रस्तुत भएकी छन् अर्थात् प्रत्यक्ष रूपमा उपस्थित छन् । त्यसैले यिनी मञ्चीय पात्र हुन् । उपन्यासबाट यिनको भूमिकालाई झिकिदिने हो भने उपन्यास निकै खण्डहर हुन सक्छ किनभने कतिपय रहस्यहरू र औपन्यासिक सारवस्तु यिनैमार्फत् प्रस्तुत गरिएको छ ।

**सदानन्द शर्मा**

उपन्यासमा सिरानघरे काकाका नामले चिनाइएका यी पुरूष पात्र हुन् । उपन्यासमा धेरै भूमिका नभए पनि निश्चित तर महत्त्वपूर्ण भूमिका दिएर उपन्यासकारले यिनलाई प्रस्तुत गरेकाले यिनी सहायक पात्र हुन् । उपन्यासमा यिनको भूमिका सकारात्मक छ त्यसैले यिनी अनुकूल पात्र हुन् । यी पात्रको भूमिका उपन्यासका सबै ठाउँमा एकै खालको छ त्यसैले यिनी गतिहीन/स्थिर पात्र हुन् । समाजमा पढेलेखेका र क्षमतावान् हुँदाहुँदै पनि परिबन्दमा परेर र आफन्तहरूबाट असहयोग भएर पनि कतिपय मानिसहरू प्रगति गर्न सक्दैनन् भन्ने पाटाबाट हेर्दा यी वर्गीय पात्र हुन् तथापि यी जस्ता व्यक्तिले पहाडमा बसेर जुन दुखिया जीवन भोगिरहेका छन् आम नेपालीहरूलाई हेर्दा एकदम कमले मात्र त्यसरी चित्त बुझाएर जीवन निर्वाह गरेका छन् । यस आधारमा भने यिनी व्यक्तिगत देखिन्छन् । सदानन्द शर्मा उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भएका नाताले मञ्चीय पात्र हुन् । यिनमा मुक्त पात्रमा हुन सक्ने विशेषताहरू पनि नभएका होइनन् तथापि विकट पहाडी गाउँमा रहेर पनि संस्कृत र अङ्ग्रेजी दुवैको ज्ञान लिएका तथा त्यति भएर पनि सामान्य रूपमा गोठालो बनी दैनिकी गुजारेर र त्यसमा समेत सन्तुष्ट भएका यी आदर्श पात्र र यिनका विशेषता हेर्दा यिनी बद्ध पात्रका रूपमा देखिन्छन् ।

**जबरबहादुर बिजुवा**

यस उपन्यासमा जबरबहादुर बिजुवा पुरूष पात्रका रूपमा उपस्थित देखिन्छन् । हुन त यी व्यक्ति गौण भूमिकाका हुन् तथापि यिनैमार्फत् उपन्यासकारले उपन्यासमा विभिन्न रहस्यका गाँठाहरू फुकाएका छन् त्यसैले यिनलाई सहायक पात्रको स्थान दिँदा फरक नपर्ने देखिन्छ । उपन्यासकारले यी पात्रमार्फत् बिजुवावादलाई प्रश्रय दिन खोजेका छन् । बिजुवाको

भूमिका पनि त्यस्तै छ तथापि यिनको भूमिका पूरा नकारात्मक तथा समाज विरोधी छैन त्यसैले यिनी अनुकूल पात्र हुन् । यस उपन्यासमा यी पात्र गतिहीन (स्थिर) देखिन्छन् किनभने यिनको भूमिका उपन्यासमा एकै खालको छ । यिनी यस उपन्यासमा वर्गीय पात्र हुन् किनभने पहाडतिरका धामी झाँक्री प्रथा र अझ भन्ने हो भने राईहरूमा प्रचलित बिजुवा संस्कृति फैलाउने व्यक्तिका रूपमा भूमिका खेलेका छन् । यिनी उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित छन् त्यसैले मञ्चीय पात्र हुन् । मुक्त पात्रमा हुने विशेषताहरू सबल हुँदाहुँदै पनि यिनी बद्ध पात्र नै हुन् किनभने उपन्यासकारले यिनका माध्यमबाट पहाडको जुन सामाजिक सांस्कृतिक पक्ष समेट्न खोजेका छन् त्यो उपन्यासमा ज्यादै महत्त्वपूर्ण छ यसर्थ  यिनी बद्ध पात्र हुन् ।

**अमरनाथ**

मधेसवादी दलका केन्द्रीय सभापतिका रूपमा परिचित यिनी यस उपन्यासमा पुरूष पात्र हुन् । भूमिकाको मात्राका हिसाबले यिनी गौण पात्र भए पनि भूमिकाको महत्त्वका हिसाबले चाहिँ सहायक स्तरका पात्रका रूपमा उपस्थित छन् । यिनले खेलेको भूमिका उद्देश्यगत रूपमा ठिक भए पनि व्यवहारमा भने सबैलाई समेट्न सकेको अवस्था छैन। सारा हानाहान र मारामार भएर समाजमा आतङ्क फैलिएको छ । यस आधारमा यिनी प्रतिकूल पात्रका रूपमा चित्रित छन् । अमरनाथ यस उपन्यासमा विवादास्पद र प्रारम्भमा एउटा चरित्रका र पछि अरू चरित्रका रूपमा उपस्थित छन् । त्यसैले यिनी गतिशील पात्र हुन् । उपन्यासमा अमरनाथले समसामयिक नेपाली राजनीतिमा देखिएको गुटगत स्वार्थी प्रवृत्तिको प्रतिनिधित्व गरेका छन् । त्यसैले यिनी वर्गीय पात्र हुन् । थोरै समयका लागि भए पनि यिनी प्रत्यक्ष रूपमा उपस्थित भएका कारण मञ्चीय पात्र हुन् । अमरनाथ यस उपन्यासका बद्ध पात्र हुन् किनभने समसामयिक राजनीतिको वास्तविकता प्रदर्शन गर्नमा यिनको उपस्थिति निकै महत्त्वपूर्ण छ । यिनको उपस्थितिबिना उपन्यास शीर्षक तथा कथ्य आदि रूपमा सबल बन्न नसक्ने देखिन्छ ।

**उमाभद्र पोखेल**

प्रहरीका डी.एस.पी.का रूपमा चिनाइएका उमाभद्र पोखेल यहाँ पुरूष पात्र हुन् । उपन्यासमा यिनको भूमिका प्रमुख तथा सहायक पात्रहरूको भन्दा पनि कम छ त्यसैले यिनी गौण पात्र हुन् । उपन्यासमा यिनी समाजसेवी, जनउत्तरदायी तथा शान्ति सुरक्षा कायम गर्ने कुराप्रति सचेत प्रहरी अधिकृत (डी.एस.पी.) का रूपमा उपस्थित छन् त्यसैले यिनी अनुकूल पात्र हुन् । यिनको उपस्थिति जहाँ जहाँ छ त्यहाँ त्यहाँ यिनी एउटै चारित्रिक गुण लिएर उपस्थित छन् त्यसैले यिनी गतिहीन (स्थिर) पात्र हुन् । यी पात्रले जिल्लास्तरको एउटा जिम्मेवार प्रहरी प्रमुख हुनुका नाताले जिल्लाभित्रका विभिन्न ठाउँहरूमा शान्ति सुरक्षा स्थापना गर्न यिनले खेलेको भूमिका वर्गीय प्रकृतिको भएकाले यिनी वर्गीय पात्र हुन् । यिनले उपन्यासभित्र प्रत्यक्ष रूपमा उपस्थित भएर भूमिका खेलेका छन् त्यसकारण यहाँ यिनी मञ्चीय पात्र हुन् । यिनको भूमिका बद्ध पात्रका रूपमा छ किनभने उपन्यासको मुख्य स्थानगत परिवेशका रूपमा देखाइएको धनपुरी बजारलाई विकसित पार्ने मुख्य पक्ष शान्ति सुरक्षाका लागि प्रहरी चौकी स्थापना गर्न मुख्य भूमिका खेलेका छन् । यिनलाई झिकिदिने हो भने उपन्यासको स्वरूपमा केही नकारात्मक प्रभाव पर्न सक्छ त्यसैले यिनी यस उपन्यासका बद्ध पात्र हुन् ।

**आसामे (गडुलबहादुर राई)**

बाहिरी स्वरूप, नाम, बानी व्यवहार, अरूले गरेको सम्बोधन आदिलाई हेर्दा यिनी पुरूष पात्र हुन् । उपन्यासमा उल्लेख हुने सम्पूर्ण पात्रहरूको भूमिका आ-आफ्ना स्थानमा महत्त्वपूर्ण हुन्छ र यिनको पनि छ तथापि प्रमुख र सहायक पात्रहरूको जति छैन । त्यसैले यिनी गौण पात्र हुन् । प्रसङ्गले कतिपय ठाउँमा अलिक सन्काहा जस्ता लागे पनि समष्टिमा चाहिँ आसामे (गडुलबहादुर राई)  अनुकूल पात्रका

रूपमा प्रस्तुत भएका छन् । यस उपन्यासमा आसामे राईको भूमिका सबै ठाउँमा एकै नासको छ । त्यसैले यिनी गतिहीन पात्र हुन् । यिनमा वर्गीय पात्रमा हुने पनि थुप्रै विशेषताहरू छन् तथापि लाहुरमा पेन्सन हुन्जेलसम्म पनि अविवाहित रहनु, राईपुत्र भएर नेवारपुत्रीसँग वैवाहिक सम्बन्ध जोड्नु, दशकौँ एउटै ठाउँ (धनपुरी) मा बसेर पनि खास सामाजिक हुन नसक्नु जस्ता पक्षहरू हेर्दा यिनी व्यक्तिगत पात्र नै हुन् । यिनी उपन्यासमा प्रत्यक्ष उपस्थित छन् त्यसैले मञ्चीय पात्र हुन् । यिनी जहाँ उपस्थित भएका छन् त्यहाँकतिपय महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् तथापि यिनको उपस्थिति उपन्यासमा नभई नहुने (अनिवार्य) छैन त्यसैले यिनी मुक्त पात्र हुन् ।

**जगदीश साह**

एकै पटक पृ.१८९ देखि उपन्यासमा देखिएका यी पात्र नाम, शारीरिक बनावट आदि रूपले हेर्दा पुरूष पात्र हुन् । उपन्यासमा यिनको भूमिका प्रमुख र सहायक पात्रका स्तरको छैन, निकै कम छ त्यसैले यिनी गौण पात्र हुन् । यिनको परिचय हेपिएका मधेसीहरूको स्तर उकास्न वा उनीहरूको स्वाभिमान कायम गर्न लागिपरेका मधेसवादी नेताका रूपमा गराइएको छ । यस कोणबाट हेर्दा यिनी अनुकूल देखिन्छन् तथापि राज्य तथा पहाडे मूलका मानिसहरूप्रति लगाएका आरोपहरूको पुष्टि हुने गरी समाजलाई समेटेर लैजान वा समाज विभाजित हुन क्षेत्रीयता र जातीयताको घेराभन्दा बाहिर निस्केर तटस्थ भूमिका खेल्न सकेका छैनन् त्यसैले यिनी यस उपन्यासका प्रतिकूल पात्र हुन् । उपन्यासभित्र थोरै ठाउँमा उपस्थित भए पनि यिनको चरित्र स्थिर छैन । यिनी बदलिँदो व्यवहारसँगै केही विवादित पनि देखिएका छन् त्यसैले यिनी गतिशील/अस्थिर पात्र हुन् । यस उपन्यासमा जगदीश साहले वर्तमानका क्षेत्रीयतावादी (विशेष गरी मधेसवादी) नेताहरूका चरित्रको प्रतिनिधित्व गरेका छन् । मधेसका नाममा नेताहरूले जे जस्तो बाटो पछ्याएर राजनीति गरे त्यसको सकारात्मक परिणाम आउन सकेको छैन । बर्सौंदेखि मिलेर बसेका मधेसी र पहाडीका बिचमा शत्रुता कायम गरेर पहाडीहरूलाई विस्थापित गराउन भूमिका खेले । नागरिकतालगायतका मुद्दाहरू अघि सारे तर ती सबैमा उनीहरूले मधेस र मधेसीहरूका भन्दा पनि आफ्ना व्यक्तिगत स्वार्थ पूरा गर्नमा विशेष जोड दिए । यही प्रवृत्तिको प्रतिनिधित्व गर्ने भएकाले यिनी वर्गीय पात्र हुन् । यिनी यस उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भएका कारण मञ्चीय पात्र हुन् । उपन्यासबाट यिनलाई झिकिदिने हो भने पनि उपन्यासको कथानक तथा स्वरूपमा खास परिवर्तन आउँदैन त्यसैले यिनी यहाँ मुक्त पात्र हुन् ।

**निष्कर्ष**

***विभाजित समय*** बहुपात्रीय उपन्यास हो । यसमा भएका पात्रलाई नियाल्दा स्त्री र पुरूष पात्रहरू बराबरीका सङ्ख्यामा (सन्दर्भले आएका केही पात्रहरूलाई समेट्दा थोरै सङ्ख्या तलमाथि हुन सक्ने) देखिन्छ । यहाँ सत्यमती शर्मा प्रमुख पात्रका रूपमा उपस्थित भएकी छन् । सहायक पात्रका रूपमा धनपाल चौधरी, धनबहादुर क्याप्छाकी, धनुषधारी याक्खा, वृन्दामाया बुढाथोकीलगायतका पात्रहरू उपस्थित छन् । बाँकी पात्रहरू सहायक तथा गौण मिश्रित भूमिकामा आएका छन् । यहाँ छोटो भूमिकामा देखिँदादेखिँदै पनि अथवा साना र थोरै भूमिका हुँदाहुँदै पनि अजयानन्द कट्टेल, उमाभद्र पोखेल, सुरक्षा, तिम्सिना वकिल, आसामे राई, जगदीश साह महत्त्वपूर्ण भूमिकामा महत्त्वपूर्ण सन्देश लिएर आएका छन् । यी पात्रहरूले त्यस्तै भूमिकाको निर्वाह गर्दै समाजसुधारका सन्देशहरू साथै सतर्कताका सङ्केतहरू दिएका छन् । यस उपन्यासमा मञ्चीय, स्थिर, बद्ध, वर्गीय, अनुकूल र सहायक पात्रको बहुलता छ । यहाँ चरित्रचित्रण गरिएका पात्रहरूमध्ये गौण र मुक्त पात्रको सङ्ख्या कम छ । उपन्यासमा नेपथ्य पात्रहरूको सङ्ख्या प्रशस्त भए पनि यहाँ चरित्रचित्रण गरिएको छैन । यस उपन्यासका पात्रहरूको विश्लेषणबाट प्रमुख पात्र सत्यमती शर्मामार्फत् भिन्न भूगोल, जातीयता, वर्ग, राजनीति आदिका आधारमा

समाजलाई एकीकृत बनाइराख्ने इमानदार व्यक्तिहरू समाजमा आवश्यक रहेको सन्देश प्रस्तुत गरिएको छ । मञ्जुरकुमार मगर, फूलसरी चौधरी, होमनाथ शर्मा, जगदीश शाह, अमरनाथ जस्ता पात्रहरूका अधिकार प्राप्तिका नाममा हुने कतिपय अराजक गतिविधिहरूका कारण विभिन्न आधारमा विभाजित हुन खोजेको नेपाली समाज र समयलाई धनपाल चौधरी, धनुषधारी याक्खा, धनबहादुर क्याप्छाकी, रामलाल विश्वास, विज्ञानराज शर्मा, प्रतिष्ठा पुलामी जस्ता व्यक्तिहरूले समेटेर लैजान हर प्रयत्न गरेको देखाइएको छ । यी घटनाहरूमार्फत् सामाजिक यथार्थलाई प्रस्तुत गर्दै आफूले चाहेको सन्देश प्रत्येक पात्रमार्फत् प्रवाह गर्न उपन्यासकार सफल रहेका छन् ।

## सन्दर्भ सामग्री


आचार्य, य. (२०६३). साहित्यकार कृष्णविनोद लम्सालको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन.स्नातकोत्तर शोधपत्र, स्नाकोत्तर क्याम्पस, विराटनगर, नेपाली शिक्षण विभाग ।

उपाध्याय, स. (२०६७). सखी उपन्यासको शैलीवैज्ञानिक अध्ययन. स्नातकोत्तर शोधपत्र, जनता बहुमुखी क्याम्पस, इटहरी, नेपाली भाषाशिक्षा विभाग ।

खनाल, रा. (२०६१). मुगलान उपन्यासको शैलीवैज्ञानिक अध्ययन. स्नातकोत्तर शोधपत्र, विश्वविद्यालय क्याम्पस, त्रिवि, नेपाली भाषा शिक्षा विभाग ।

घिमिरे, स. (२०७६). अप्रिलफुल उपन्यासको शैलीवैज्ञानिक अध्ययन. स्नातकोत्तर शोधपत्र, विश्वविद्यालय क्याम्पस, त्रिवि, नेपाली भाषाशिक्षा विभाग ।

ढकाल, डी. (२०६७). चम्पा उपन्यासको शैलीवैज्ञानिक अध्ययन. स्नातकोत्तर शोधपत्र, सुकुना, नेपाली भाषाशिक्षा विभाग ।

पोखरेल, बा. (सम्पा.). (२०४०). नेपाली बृहत् शब्दकोश. नेराप्रप्र ।

बराल, कृ. र एटम, ने. (२०५५). उपन्यास सिद्धान्त र नेपाली उपन्यास. साझा प्रकाशन ।

भट्टराई, ती. (२०६७). प्रेतकल्प उपन्यासको शैलीवैज्ञानिक अध्ययन. स्नातकोत्तर शोधपत्र, सुकुना, नेपाली भाषाशिक्षा विभाग ।

लम्साल, कृ. (२०६८). विभाजित समय. साझा प्रकाशन ।

शर्मा, मो. (२०५२). शैलीविज्ञान : सिद्धान्त र आलोचना. नेराप्रप्र ।

---. (२०५९). शैलीविज्ञान. नेराप्रप्र ।